आ.ब.२०७९/०८० को


वार्षिक सार्वजनिक सुनुवई कार्यक्रम

(२०८० श्रावण ०८)

को

# प्रतिवेदन

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल




## जयपृथ्वी नगरपालिकाको कार्यालय

चैनपुर, बझाङ

Scanned with CamScanner

जयपृथ्वी नगरपालिका नगरकार्यपालिका कार्यालय देवल बझाङ्गको आर्थिक वर्ष २०७९/०८०को तेस्रो चौमासकि तथा वार्षिक प्रगति समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम २०८०साउन ०८ गतेको

# प्रतिबेदन

मिति २०८०/४/८ गते

सुदुरपश्चिम प्रदेशको बिकट पहाडी जिल्ला बझाङ्गको जयपृथ्वी नगरपालिका आर्थिक,शैक्षिक भौतिक संगै लैङ्गिक र सामाजिक कुरिति परम्परागत कुसंस्कारका रुपमा पछाडि परेको नगरपालिका हो ।यो नगरपालिका २०७१ साल बैशाख२५ गते नेपाल सरकारको मन्त्री परिषदको निर्णय अनुसार साविकका ५ वटा गाउ विकास समितिहरु चैनपुर,रिठापाटा,सुबेडा,हेमन्तवाडा,लुयाटा लाई मिलाएरनगरपालिका घोषणा गरिएको हो । पहाडी भुभागमा अवस्थित बझाङ्गको जयपृथ्वी नगरपालिकालाई पुनः स्थानीय तह निर्धारण आयोगको प्रतिबेदन बमोजिम साविबको कैलाश गाउ विकास समिति र जयपृथ्वी नगरपालिकाका सबै वडाहरु मिलाएर हाल जयपृथ्वी नगरपालिका साविक गरिएको छ । जसको केन्द्र साविकको रिठापाटा गा बि स को देवल वडा नंम्वर ९ रहेको छ ।

मिति२०७३साल फाल्गुन २७ गते नेपाल सरकारद्धारा प्रकाशित खण्ड ६६, संख्या ५८ नेपाल राजत्रि भाग ४ को पृष्ठ नं३५८ मा प्रकाशित राज्य पुर्नसंरचनाको प्रतिबेदन अनुसार यस जयपृथ्वी नगरपालिकामा जम्मा ११ वटा वडा रहेका छन । बझाङ्ग जिल्लाको मध्ये बिन्दु भएर बग्ने सेती नदि र किनारा हुदै गरिरहेको वाउलीखोलाको विचमा रहेको चैनपुर दरवारमा बस्ने राजा बिक्रम बहादुर सिंहका जेठा सन्तान १९३४ साल भदौ ७ गते मंगलवारका दिन जन्मनु भएका मानवता वादी राजा जयपृथ्वी बहादुर सिंहले पुर्याएको योगदानको उच्च मुल्याङ्कन गर्दै यस नगरपालिकाको नामाकरण गरिएको हो । जम्मा १६६.७९ वर्ग कि मी क्षेत्रफल रहेको यस नगरपालिकाको जनघनत्व १३२.४७ प्रति वर्ग किमी रहेको छ । समुद्री सतह देखि ३,३०७ फिट देखि ११,७७१ फिटको उचाईमा रहेको छ ।

स्थानीय सरकार र नागरिकहरुका बिचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादवाट निर्माणकार्य सेवा प्रवाह लाई गुणस्तरिय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने साजर्वजनिक सुनुवाई कार्यलाई व्यवस्थि तगर्न आवाश्यक भएकोले प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक सुनुवाई कार्यबिधि २०७७ ले दिएको निर्देशित गतिबिधि अनुसार जयपृथ्वी नगरपालिका बझाङ्गले साउन ८ गते सार्वजनिक सुनुवाई तथा तेस्रो चौमासिक वार्षिक प्रगति समिक्षा सम्पन्न गरेको छ ।

Scanned with CamScanner

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल

**कार्यक्रमको लक्ष्य**

आर्थिक वर्ष २०७९/०८० सालमा गरिएको नगर भरिका सम्पूर्ण बिकास निर्माण कार्यको बारेमा जानकारी गराउने र सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ दिएको निर्देशन अनुरुप नगरबासी लाई नगरको सबैखाले प्रगति बिवरण सार्वजनिक गर्ने ।

**उद्धेश्य**

१) समुदायमा भए गरेका बिकास निर्माण प्रक्रिया र नगरको शुसासन शान्ति र समृद्धिका बारेमा एक सार्वजनिक सभा मार्फत नगरबासी नागरिक समाज पत्रकार संचारकर्मी लगाएत सबै लाई जानकारी गराउने ।

२) बिगतका दिनहरुमा स्थानीय सरकार द्धारा भए गरेका काम कार्वाही र विकास निर्माण कार्यमा जनचासोको बिषय र महत्व कार्यक्रमले आबद्ध जानकारी र आगामी दिनमा हुने कार्य गतिविधिमा जनपक्षिय सरोकार मुलक सुझाव सल्लाह लिन ।

३) स्थानीय सरकार प्रतिको लाग्ने अनावाश्यक आरोप लाई कानुनी सतहमा राखि नगरको हरेक चार चार महिनामा सार्वजनिक सुनुवाई गरि जनता माझ पुर्याउने ।

४) कानुनको पूर्ण कार्यान्वयन हुने गरि कानुनी मापदण्ड लाई ध्यानमा राखि स्थानीय सरकार लाई जवाफदेही र उत्तरदेही बनाउई जनताको सुझाव सल्लाह योजना निर्माण गर्ने र समाजमा पारेका नकारात्मक कार्य लाइृ सुधार गर्ने ।

**क्रियाकलाप**

१) सार्वजनिक सुनुवाई कार्यक्रमले नगर बिकासका सम्रग गतिबिधि प्रस्तुति पछि जनता देही कार्य गर्न मजबुद बनाएको छ ।

२) राजनितिक प्रतिशोध साट्ने खालको परिपाटी लाई अन्त्य गराई कार्यकता मुखि बजेट निर्माण प्रतिको भ्रमात्मक टिप्पणीको अन्त्य भएको छ ।

३) दलिय व्यवस्थामा जनप्रतिनिधिले गरेको बिकास निर्माण शुसासनका कार्य निपक्ष भेदभाव रहित हुने बारेको जानकारी गराएको छ ।

**उपलब्धी**

१) राज्य कोषको सहि सदुपयो र बिकास निर्माणमा समानता र जनप्रतिनिधि जनता प्रति जवाफदेही हुने कुराको सार्वजनिक सुनुवाई कार्यक्रमले बुझने अबसर दिएको छ ।

Scanned with CamScanner

२) जयपृथ्वी नगरपालिका सभाहलमा संचालन गरेको कार्यक्रमले कार्यक्रममा उपस्थित संगको व्यापक छलफल गरी जनप्रतिनिधिलाई सचेत र सजक तुल्याएको छ ।

३) नगरका जनता लाई सजिलैरुपमा जानकारी होस भन्ने मान्यताले शाखागत प्रतिबेदनको प्रस्तुतीकरण र छलफल गरियो ।

४) बिगतका दिनमा नगरमा भएका कार्य प्रतिको असन्तुष्टी लाई करेक्सन गर्दै अगाडी बढने र व्यक्ति बिकास भन्दा समाज र समुदाय बिकासका प्राथमिकता दिने बारे ,नगर प्रमुख वाट जानकारी ।

**समस्या**

१) गाउको कामकाजको व्यस्तताले स्थानीयको बाक्लो उपस्थिती हुन नसक्नु जनताको माग भन्दा कार्यकता मुखि बजेट निर्माणले समाज विकास भन्दा व्यक्ति विकास लाई टेवा पुर्याएको ।

२) असार मसान्तमा मात्र बिकास कार्य लाई तिव्रता दिनु भन्दा दुई चार महिना पहिले ,नै विकास कार्य अगाडी बढाउनु पर्ने

**सुझाव तथा प्रश्न उत्तर**

प्रश्नकर्ता : दिर्घराज उपाध्याय स्थानीय: नेताले घर आफनै घर आँगनमा बजेट हाल्ने र योजना दिने कार्य कहिले अन्त्य हुन्छ ईस्मेट अनुसार नहुने कामको एम बि उठान र प्राविधिक चेक जाँचमा समस्या किन ?

उत्तरकर्ता : मेयर चेतराज बजाल आफु निर्वाचित हुनु पूर्व बनाएका योजना भएकाले असार मसान्तमा भुक्तानी दिन बाध्ये भएका हौ , अव मेरो बोडिले कुनै पनि यस्ता योजनालाई प्राथमिकतामा राख्ने छैन सामाजिक र जनहितकारी योजना बनाएर आगामी आर्थिक वर्ष अगाडी वढाउने छु ।

उत्तर लाल व थापा ईन्जिनियर : हामी सबै योजनाको अनुगमन गरेका छौ ३ लाख मुनीका योजना वडा कार्यालय आफैले अनुगमन गर्ने कानुनी व्यवस्था रहेकोले त्यसमा केही कमी कम्जोरी रहे वडा संग यो प्रश्नको उत्तर होला

प्रश्न कर्ता रिदम सिंह स्थानीय नगरपालिकाको वाईवसाइट जनताले गुनासो गर्ने ठाउराखेका छौ भनिएको छ तर जनप्रतिनिधिले राखेको जवाफ जनता संग पुग्ने बनाउन के गरेको छ ?

उत्तर कर्ता सुचना अधिकारी सुमन बोगटी : त्यो प्रबिधिक स्टम भनेको जनप्रतिनिधिको लागि हेर्ने र सुन्ने व्यवस्था मात्र नभएको र जनप्रतिनिधिको जवाफ पनि त्यसै मार्फत जनता लाई उपलब्ध गराउने खालको डेस्क बोर्डको व्यवस्था मिलाएको छ ।

प्रश्न कर्ता सम्राट सिंह पत्रकार : कोरोना प्रभावित लाई रु १० हजार राहत स्वरुप प्रदान गर्ने नगरपालिकाको कार्यमा कोरोनाको प्रभावमा नपरेका र हुने खानेको नाम लिष्टमा कसरी आयो ?

Scanned with CamScanner

उत्तर कर्ता स्वास्थ्य शाखा प्रमुख रामचन्द जोशी : छनौट प्रकिया सबै वडा लाई दिएकोले हामीले छुटै छनौट गर्नु पर्ने खालको व्यवस्था केही छैन र यसमा खास जुन किसमिको हल्ला अपवाह फलाईएको छ कुनै नगरवासीले कसैका वारेमा बुझ्न चाहेका सबै प्रमाण कार्यालयमा हेर्न सकिने छ ।

**निष्कर्ष**

जयपृथ्वी नगरपालिका बझाङ्गले आर्थिक वर्ष २०७९/०८० को तेस्रो चौमासिक तथा वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमले सार्वजनिक सुनुवाई कार्यविधि०६७ लाई ध्यानमा राखि जनता माझ्ा यही साउन ९ गते गरेको कार्यले पारदर्शिता र सुसासन लाई महत्व दिएको पाईएको छ । नगरवासी एकिकृत गरि नगर बिकास र नमुना नगर निर्माणका लागि आएका सबै खाले सुझाव सल्लाह लाई नगरकार्यापालिकाले आत्मसाथ गर्दै अगाडी बढ्ने दृढ संकल्प व्यक्त गरेको पाउदा असाध्य खुशी लागेको छ । आर्थिक वर्ष ७९र ८० को निति ꣻतथा कार्यक्रममा नयाँ कार्यक्रम जस्तै दलित बिकास समिति, महिला बिकास समिति र प्रत्येक वर्ष एक जना गरिव,दलित,पिछडिएको वर्ग समुदाय बाट जेहेन्दार र लगनसिल बिद्यार्थी लाई एम बि बिएस पढाउने निति कार्यक्रममा समावेश गरेर नमुना नगर निर्माण गति लिन खोजे छ ।

**अन्तमा :**

जयपृथ्वी नगरपालिका नगरकार्यपालिका बझाङ्ग ले आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा हामी दुबै जना पत्रकार महासंघ बझाङ्गका अध्यक्ष तथा गोरखा पत्र दैनिकका संम्वादाता शैलेन्द्र रोकाया र प्राईम टाईम्स एच डि टेलिभिजन बझाङ्ग सम्वादाता प्रदिप मलासी लाई सहजिकरण गर्ने जिम्मेवारी दिनु भयोको मा नगर प्रमुख चेतराज वजाल उपप्रमुख रतन बहादुर सिंह लगाएत सम्पूर्ण टिम प्रमुख प्रशासकिय अधिकृत लगाएत सम्पूर्ण कर्मचारी लाई हृदय दृखि धन्यवाद दिन चाहान्छु ।

शैलेन्द्र रोकाया, प्रदिप मलासी

गोरखा पत्र दैनिक,प्राईम टेलिभिजन


बझाङ्ग सवादाता

Scanned with CamScanner

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल


## सार्वजनिक सुनुवाई कार्यक्रमका फोटाहरु





Scanned with CamScanner

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ्ग
सुदूरपश्चिम प्रदेश नेपाल






Scanned with CamScanner